गजुरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
(शिक्षा युवा तथा खेलकुद शाखा)
वागमती प्रदेश, गजुरी, धादिङ

प.सं :-२०७६/७७ मिति :- २०७७/०१/२१

च.न :-१८५०

**विषय :नतिजा प्रकाशन तथा पाठ्यपुस्तक व्यवस्थापन सम्वन्धमा ।**

श्री सवै सामुदायिक विद्यालयहरु ।
गजुरी गाउँपालिका धादिङ ।

प्रस्तुत विषयमा सामाजिक विाकस मन्त्रालय वागमती प्रदेश हेटौडा को च.नं. २३१० मिति २०७७।०१।१८ को पत्रानुसार विद्यालय तह कक्षा १–९ को बार्षिक नतिजा प्रकाशन तथा पाठ्यपुस्क व्यवस्थापन सम्वन्धी काम सुरु गर्न COVID 19 को रोकथाम तथा नियन्त्रणका लागि लागू गरिएको बन्दाबन्दीको उद्देश्यको प्रतिकूल नहुने गरी क्रमश गर्दै जानु हुन भन्ने भएको हुंदा निम्नानुसार गर्नु गराउनु हुन सम्वन्धित सवै विद्यालयहरुलाई अनुरोध गरिन्छ ।

युवराज अर्याल
प्रमुख प्रसाशकीय अधिकृत

१) कक्षा १ देखि ९ सम्मको (कक्षा ८ वाहेक ) रोकिएको वार्षिक परीक्षाको नतिजा विद्यालयले अनुकुलता मिलाई प्रकाशन गर्ने गराउने र उपयुक्त माध्यमवाट विद्यार्थी र अभिभावकहरुलाई जानकारी गराउने ।
२) नतिजा प्रकाशन पश्चात सामाजिक दुरी कायम गर्दै उपयुक्त वैकल्पिक माध्यमवाट भर्नाको व्यवस्था मिलाउन र विद्यालयलाई आबश्यक पर्ने पाठ्यपुस्तक व्यवस्थापन गर्नु गराउनु हुन ।
३) वालवालिकाहरुलाई घरैमा वसेर सिक्ने अवसर सुनिश्चत गर्न राष्ट्रिय तथा स्थानीय सञ्चार माध्यमवाट प्रशारण भैरहेका दुर शिक्षा कार्यक्रम तथा अन्य अनलाईन एवं अफलाईन सिकाइका अवसरहरुमा सरिक गराउन वालवलिकाहरुलाई सहजिकरण गर्ने ।
४) नतिजा प्रकाशन पश्चात विद्यालयहरुले नियमित रुपमा भर्ने शैक्षिक तथ्यांक भर्न विद्यालय संग भएको एक्सल वेश फायल तयारी अवस्थामा राखि विस्तारै काम प्रारम्भ गर्ने गराउने ।